# चौरीदेउराली गाउँपालिका
## Chaurideurali Rural Municipality

ढाँडखर्क, भञ्याङ, काभ्रेपलाञ्चोक

३ नं. प्रदेश नेपाल

3 No. Province, Nepal


पत्र संख्या (letter No.) :- २०७५।७६

चलानी नं. (Ref. No.) :- ६५६

मिति(Date): २०७६।०१।१२

## प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि निवेदन दिने सम्वन्धी सूचना ।

रोजगारीको हक सम्वन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्वन्धी नियमावली, २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका २०७५ को दफा १८ बमोजिम श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले हालै शुरुवात गरेको प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्यान्वयनको लागि आगामी आर्थिक वर्ष २०७६।७७ मा स्थानीय तह मातहत रहेका रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने न्युनतम १०० दिन वरावरको रोजगार कार्यक्रममा संलग्न भई सार्वजनिक विकास निर्माणका कार्यमा योगदान गर्न ईच्छुक १८ वर्षदेखि ५९ वर्ष उमेर समूहका सम्पूर्ण बेरोजगार व्यक्तिहरुले २०७६ बैशाख मसान्त भित्र आफ्नो स्थायी बसोबास रहेको सम्वन्धित वडा कार्यालयमा बेरोजगार व्यक्तिहरुको सूचीमा सूचीकृत हुन निबेदन दिने व्यवस्था भएकोले यस गाउँपालिका भित्र बसोबास गरेका ईच्छुक व्यक्तिले वडा कार्यालयवाट निवेदन फाराम प्राप्त गरी निवेदन दिन हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

निवेदनको ढाँचा र यस सम्वन्धित विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेभसाईट www.pmep.gov.np वाट प्राप्त गर्न सकिनेछ। साथै निवेदनको लागि फाराम वडा कार्यालयवाट प्राप्त गर्न सकिनेछ।

पुनश्च : यस कार्यक्रमको निवेदन २०७६ बैशाख मसान्तसम्म मात्र संकलन गरिने हुंदा यस मिति भित्र सम्वन्धित सवैले निवेदन दिन हुन यो सूचना सूचित गरिन्छ।

आवश्यक कागजातहरु :

१. आवेदन फाराम एक प्रति ( आवेदन फाराम वडा कार्यालयवाट प्राप्त गर्न सकिनेछ )।

२. नागरिकताको छाँया कपि एक प्रति।

३. स्थायी ठेगानाको प्रमाण नभएको हकमा बसाई सराई प्रमाणपत्र वा विवाह दर्ता प्रमाणपत्र।

४. पूर्ण मुखाकृति देखिने पासपोर्ट साईजको फोटो –एक प्रति।

( बलराम लम्साल )

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत